नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
**ईपिएस कोरिया शाखा**
ग्वार्को, ललितपुर ।

**कृषि तथा पशुपालन क्षेत्रको दोश्रो चरणको कोरियन भाषा परीक्षा EPS-TOPIK (UBT-2023) को परीक्षा केन्द्र सम्बन्धी संशोधित अत्यन्त जरुरी सूचना !**

**पहिलो पटक प्रकाशित मितिः २०७९।१०।०६**
**संशोधित सूचना प्रकाशित मितिः २०७९।११।०७**

रोजगार अनुमति प्रणाली (EPS) अन्तर्गत गणतन्त्र कोरिया जाने नेपाली कामदारहरुको मिति २०७९।१०।०६ (तदानुसार January 20, 2023) गते प्रकाशित कोरियन भाषा परीक्षाको परीक्षा केन्द, मिति, समय, तोकिएको सम्बन्धि सूचनामा सि नं. ५१२१२४९१ देखि ५१२१२५०० सम्मका परीक्षार्थीहरुको तालिकामा त्रुटी भएकोले सो त्रुटि सच्याई HRD Service of Korea बाट शंसोधित परिक्षा तालिका प्राप्त हुन आएकोले सोही बमोजिम दोश्रो चरणको कृषि तथा पशुपालन क्षेत्रको भाषा परीक्षा मिति २०७९।११।२३ (तदानुसार March 07, 2023) गते देखि ललितपुर जिल्लाको भैसेंपाटी स्थित **UBT भवनमा** सञ्चालन हुने भएकोले EPS-TOPIK (UBT-2023) परीक्षाको समय तालिका देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । परीक्षार्थीहरुको समय तालिका यसैसाथ संलग्न लिष्ट बमोजिम हुने ब्यहोरा समेत जानकारी गराईन्छ ।

| **परीक्षा** | **परीक्षार्थीहरुको वायोमेट्रिक भेरिफाई र अभिमूखीकरणको समय** | **परीक्षा शुरु हुने** |
|---|---|---|
| पहिलो सिफ्ट | **बिहान ०७:३० बजे देखि** | ०९:३० बजे |
| दोश्रो सिफ्ट | **दिउसो ०९:०० बजे देखि** | ११:०० बजे |
| तेश्रो सिफ्ट | **दिउसो ११:०० बजे देखि** | १३:३० बजे |
| चौथो सिफ्ट | **दिउसो १३:०० बजे देखि** | १५:०० बजे |

**वायोमेट्रिक रजिष्टर हुने स्थान र समयः-** परीक्षार्थीहरुले परीक्षा हुने दिन भन्दा अघिल्लो दिन ई.पी.एस. कोरिया शाखा, ग्वार्को नजिकै रहेको म्युजिक सिटि हल,मा निम्न अनुसारको समयमा आई वायोमेट्रिक रजिष्टर गराउनु पर्नेछ ।

| **परीक्षा** | **परीक्षार्थीहरुको बायोमेट्रिक रजिष्ट्रेसनको समय** |
|---|---|
| पहिलो सिफ्ट | बिहान १०:०० बजे देखि |
| दोश्रो सिफ्ट | दिउँसो १२:०० बजे देखि |
| तेश्रो सिफ्ट | दिउँसो १:३० बजे देखि |
| चौथो सिफ्ट | दिउँसो ३:०० बजे देखि |

- परीक्षार्थीहरुले वायोमेट्रिक र परीक्षा दिन आउँदा अनिवार्य रुपमा राहदानीको सक्कल (पुरानो भए सो समेत) र प्रवेशपत्रको रंगीन प्रिन्ट लिई आउनु पर्नेछ । उल्लेखित कागजात विना परीक्षामा समावेश गराइने छैन ।
- **HRD Service of Korea बाट प्राप्त जानकारी अनुसार जम्मा २६८७६ जना परीक्षार्थीहरु मध्ये १०७५८ जना उत्तिर्ण हुने र अन्तिम नतिजा प्रकाशन गर्नु अघि उत्तिर्ण हुने परीक्षार्थीहरुको सूचि प्रकाशन हुने र सीप परीक्षण पश्चात ७७५७ जना परीक्षार्थी उत्तिर्ण हुने व्यहोरा समेत जानकारी गराईन्छ ।**

०८।११।६

**"कोरियन भाषा परीक्षा उत्तीर्ण गर्नु कोरियामा रोजगार आवेदन दिन योग्य हुनु हो**
**तर**
**कोरियामा रोजगारी पाइने सुनिश्चितता भने होइन ।"**